


वर्ष ४६ अङ्क १० असार २०७९ जुन-जुलाई २०२२

### वाणिज्य बैंकका सञ्चालकसँग बैंकको अन्तरक्रिया

# वित्तीय स्थायित्वलाई प्राथमिकतामा राख्नुस्: गभर्नर अधिकारी




गभर्नर महाप्रसाद अधिकारीले वित्तीय स्थायित्वलाई प्राथमिकतामा राखेर बैंकिङ व्यवसाय सञ्चालन गर्न वाणिज्य बैंकका सञ्चालकहरूलाई आग्रह गर्नुभएको छ ।

बैंक तथा वित्तीय संस्था नियमन विभागद्वारा जेठ १९ गते वाणिज्य बैंकका अध्यक्ष र सञ्चालकहरूसँग काठमाडौंमा आयोजित अन्तरक्रिया कार्यक्रममा गभर्नर अधिकारीले यस्तो आग्रह गर्नुभएको हो । उहाँले भन्नुभयो, "नेपालको वित्तीय क्षेत्र स्थायित्वभन्दा मुनाफामा बढी केन्द्रित भयो । अब स्थायित्वलाई प्राथमिकतामा राख्नुस् । बैंकले एक वर्ष नाफा नकमाएर केही बिग्रँदैन । तर वित्तीय प्रणाली अस्थिर भएमा त्यसको परिणाम के होला ? सोच्नुस् त !"

राष्ट्र बैंकबाट जारी भएका नीतिगत व्यवस्थाको कार्यान्वयनको निम्ति कुनै किसिमको सम्झौता नहुने र नियामकीय निर्देशन उल्लङ्घन गर्ने बैंकलाई प्रचलित व्यवस्थाबमोजिम कारबाही हुने उहाँले स्पष्ट पार्नुभयो । मर्जर र प्राप्तिमा विगतमा नीतिगत सहुलियत दिइए पनि आगामी दिनमा त्यस्तो सुविधा उपलब्ध नहुने जानकारी उहाँले दिनुभयो । संस्थाको वित्तीय स्रोतलाई हेरेर मात्रै कर्जा लगानी गर्न उहाँले बैंकका सञ्चालकहरूको ध्यानाकर्षण गराउनुभयो ।

उच्च आयातका कारण चालु आर्थिक वर्षमा करिब तीन अर्बले विदेशी विनिमय सञ्चिति घटेको उल्लेख गर्दै गभर्नर अधिकारीले उपभोगमा नियन्त्रण नहुँदासम्म बाह्य क्षेत्रमा दबाब कायमै रहने धारणा राख्नुभयो । आर्थिक वर्ष २०७९/८० को बजेट/कार्यक्रमलाई सहयोग पुग्ने गरी मौद्रिक नीति ल्याइने जानकारी उहाँले दिनुभयो ।

कार्यक्रममा डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले बैंकको संस्थागत सुशासन र जोखिम व्यवस्थापनको निम्ति जिम्मेवार ढङ्गले भूमिका निर्वाह गर्न सञ्चालकहरूको ध्यानाकर्षण गराउनुभयो । बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले वाणिज्य बैंकको सञ्चालक समिति प्रशासनिक कार्यमा बढी केन्द्रित रहेको उल्लेख गर्दै नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन तथा जोखिम व्यवस्थापनमा केन्द्रित हुन सञ्चालकहरूलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले अर्थतन्त्र र बैंकिङ क्षेत्रका समसामयिक विषयसहितको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्रमा विश्व अर्थतन्त्रको अवस्था, नेपालको समष्टिगत आर्थिक अवस्था, वित्तीय क्षेत्रका परिसूचक, वाणिज्य बैंकको संस्थागत सुशासन र जोखिमको अवस्थालगायतका विषयवस्तु समेटिएको थियो । कार्यपत्रमाथि सहभागीहरूबीच अन्तरक्रिया भएको थियो । डेपुटी गभर्नर बमबहादुर मिश्रले अन्तरक्रिया सत्रको सहजीकरण गर्नुभयो भने कार्यक्रममा विभिन्न वाणिज्य बैंकका सञ्चालक समितिका अध्यक्ष र लेखापरीक्षण समितिका संयोजकको सहभागिता थियो ।

बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक किरण पण्डितले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने सहायक निर्देशक अस्मिता खनालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# शिवाकोटी र डा. आचार्य सञ्चालक नियुक्त

नेपाल राष्ट्र बैंक सेवाबाट निवृत्त पूर्व डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी र पूर्व कार्यकारी निर्देशक डा. शङ्करप्रसाद आचार्य राष्ट्र बैंक सञ्चालक समितिको सदस्यमा नियुक्त हुनुभएको छ । नेपाल सरकार, मन्त्रिपरिषद्को २०७९ जेठ ६ को निर्णयानुसार उहाँहरू सञ्चालक सदस्यमा नियुक्त हुनुभएको हो ।

नवनियुक्त सञ्चालकद्वय शिवाकोटी र आचार्यले जेठ १२ गते कायममुकायम प्रधानन्यायाधीश दीपककुमार कार्कीसमक्ष पद तथा गोपनीयताको शपथ लिनुभएको छ । नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०८ (१) मा बैंकका सञ्चालकले सर्वोच्च अदालतको प्रधानन्यायाधीश वा निजले तोकेको न्यायाधीशसमक्ष शपथ लिनुपर्ने व्यवस्था छ ।

शिवाकोटीले त्रिभुवन विश्वविद्यालय र संयुक्त राज्य अमेरिकास्थित साउथर्न न्यू ह्याम्सायर विश्वविद्यालयबाट व्यवस्थापनमा स्नातकोत्तर र आचार्यले युनिभर्सिटी अफ नर्थ बङ्गाल, भारतबाट अर्थशास्त्रमा विद्यावारिधि उपाधि हासिल गर्नुभएको छ ।



ऐनको दफा १७ मा आर्थिक, मौद्रिक, बैंकिङ, वित्तीय, वाणिज्य, व्यवस्थापन तथा वाणिज्य कानुन क्षेत्रका लब्ध प्रतिष्ठित व्यक्तिलाई मन्त्रिपरिषद्ले बैंकको सञ्चालकमा नियुक्त गर्ने प्रावधान छ । सञ्चालकको कार्यकाल पाँच वर्ष हुने व्यवस्था छ ।

शपथ ग्रहण कार्यक्रममा सर्वोच्च अदालतका रजिष्ट्रार निर्मला पौडेल, सह-रजिष्ट्रारद्वय विमल पौडेल र नारायणप्रसाद रेग्मी, नेपाल राष्ट्र बैंकका निर्देशक एवम् सञ्चालक समितिका सचिव मुक्तिनाथ सापकोटा र निर्देशक थानेश्वर आचार्यलगायतको उपस्थिति थियो ।

# मौद्रिक नीतिको तेस्रो त्रयमासिक समीक्षा सार्वजनिक

नेपाल राष्ट्र बैंकले आ.व.२०७८/७९ को मौद्रिक नीतिको तेस्रो त्रयमासिक समीक्षा जेठ १३ गते सार्वजनिक गरेको छ ।

तेस्रो समीक्षामार्फत मूल्य र बाह्य क्षेत्र स्थायित्वमा देखापरेको दबाब यथावत् रहेको उल्लेख गर्दै मौद्रिक नीतिको अर्धवार्षिक समीक्षामा लिइएको कार्यदिशालाई नै निरन्तरता दिइएको छ । तथापि, मुद्रास्फीति तथा विदेशी विनिमय सञ्चितिको आयात धान्ने क्षमतामा दबाब पर्दै गएमा मौद्रिक नीतिको कार्यदिशालाई थप कसिलो बनाउँदै लगिने समीक्षामा उल्लेख छ ।

कोभिड संक्रमणका कारण प्रभावित उद्योग व्यवसायको पुनरुत्थानका लागि उपलब्ध हुँदै आएको पुनरकर्जा सुविधालाई पुनरुत्थान हुन बाँकी रहेका अति प्रभावित क्षेत्रमा सीमित गर्दै लैजाने विद्यमान नीतिलाई निरन्तरता दिइएको छ । आन्तरिक तथा बाह्य क्षेत्रमा विद्यमान दबाब कम गरी समष्टिगत आर्थिक स्थायित्व कायम गर्न ब्याजदरका साथै अन्य छनोटपूर्ण उपकरणहरू प्रयोग गरिने समीक्षामा उल्लेख छ ।

विद्यमान अनिवार्य नगद अनुपात, वैधानिक तरलता अनुपात, बैंक दर र पुनरकर्जा दरलाई यथावत राखिएको छ । मूल्य तथा बाह्य क्षेत्र स्थायित्वलाई मध्यनजर गरी उत्पादनशील क्षेत्र, लघु, साना तथा मझौला व्यवसाय, आन्तरिक उत्पादन अभिवृद्धि तथा निर्यात प्रवर्द्धनलगायतका क्षेत्रमा वित्तीय साधनको प्रवाह बढाउन जोड दिइने समीक्षामा जनाइएको छ ।

### आन्तरिक आर्थिक तथा वित्तीय परिदृश्य

कोभिडको समयमा अवलम्बन गरिएको लचिलो नीतिगत कार्यदिशा र कोभिड संक्रमणमा आएको कमीले आर्थिक पुनरुत्थानको गति बढ्नुका साथै आन्तरिक मागसमेत विस्तार भएको समीक्षामा उल्लेख छ । आन्तरिक उत्पादन र मागबीच बढ्दै गएको अन्तरको प्रभाव व्यापार घाटा, चालु खाता तथा शोधनान्तर घाटा र विदेशी विनिमय सञ्चिति जस्ता बाह्य क्षेत्रका परिसूचकमा परेको निष्कर्ष समीक्षाले निकालेको छ ।

बाह्य क्षेत्रमा परेको दबाब कम गर्न अवलम्बन गरिएका नीतिगत व्यवस्थाको फलस्वरूप विदेशी विनिमय सञ्चितिको घट्ने दर केही कम भए तापनि आन्तरिक माग तथा आपूर्तिको अवस्था, विप्रेषण आप्रवाहको वर्तमान प्रवृत्ति र अन्तर्राष्ट्रिय बजारमा वस्तु तथा सेवा र पेट्रोलियम पदार्थको मूल्यमा भइरहेको वृद्धिका कारण आयात मूल्यमा भएको वृद्धिसमेतलाई दृष्टिगत गर्दा बाह्य क्षेत्र स्थायित्वमा विद्यमान जोखिम केही समय कायमै रहने प्रक्षेपण समीक्षामा गरिएको छ । "कोभिड संक्रमणले विश्व आपूर्ति व्यवस्थामा ल्याएको अवरोध, कोभिड संक्रमण कम भएसँगै विश्व आर्थिक गतिविधिमा भइरहेको विस्तार र रसिया-युक्रेनबीचको युद्धलगायतका कारण अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थ र वस्तु तथा सेवाको मूल्यमा वृद्धि भइरहेको छ । यसर्थ, आन्तरिक मूल्यमा विद्यमान चापको स्थिति केही समयसम्म कायमै रहने देखिन्छ ।" समीक्षामा उल्लेख छ ।

आर्थिक पुनरुत्थानले गति लिएसँगै आन्तरिक मागमा आएको विस्तारका कारण वित्तीय स्रोत अन्तर बढ्न गएको जनाइएको छ । समीक्षामा लेखिएको छ, "बढ्दो स्रोत अन्तर र विदेशी विनिमय सञ्चितिमा आएको सङ्कुचनका कारण बैंकिङ प्रणालीबाट तरलता प्रशोचन भई एकातिर ब्याजदरमा दबाब पर्न गएको छ भने अर्कोतिर बाह्य क्षेत्र स्थायित्व कायम गर्न मौद्रिक नीतिको कार्यदिशा कसिलो राख्नुपर्ने अवस्था छ ।"

# पारस्परिक मूल्याङ्कनको तयारीसम्बन्धी अन्तरक्रिया




वित्तीय जानकारी इकाईले जेठ ११ गते काठमाडौंमा एपीजी तेस्रो पारस्परिक मूल्याङ्कनको तयारीका सम्बन्धमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । गभर्नर महाप्रसाद अधिकारीको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा डेपुटी गभर्नरद्वय डा. नीलम ढुङ्गाना तिम्सिना र बमबहादर मिश्रका साथै बैंकका उच्च अधिकारीहरूको उपस्थिति थियो ।

कार्यक्रममा सम्बोधन गर्दै गभर्नर अधिकारीले पारस्परिक मूल्याङ्कनको प्रक्रियाबारे प्रकाश पार्नुका साथै सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रणसम्बन्धी नीतिगत व्यवस्थाको प्रभावकारी परिपालन हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले भन्नुभयो, "हामीले इजाजत दिएका बैंक तथा वित्तीय संस्था र अन्य संस्थाको सुपरिवेक्षकीय कारबाहीमा सम्पत्ति शुद्धीकरण निवारणका विषयमा कुनै कसर राख्नुहुँदैन ।" तेस्रो चरणको पारस्परिक मूल्याङ्कनसँग सम्बन्धित पूर्वतयारीलाई प्रभावकारी ढङ्गले अघि बढाउन गभर्नर अधिकारीले निर्देशन दिनुभयो ।

कार्यक्रममा डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणसम्बन्धी 'राष्ट्रिय रणनीति तथा कार्ययोजना २०७६-२०८१' को प्रभावकारी कार्यान्वयनको निम्ति अन्तरविभागीय समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकतामा जोड दिनुभयो । डेपुटी गभर्नर बमबहादुर मिश्रले नेपाल राष्ट्र बैंकको एएमएल/सीएफटी प्रणालीलाई सुदृढ तुल्याउँदै जोखिममा आधारित नियमन, सुपरिवेक्षण तथा अनुगमनको कार्यलाई प्राथमिकतामा राख्नुपर्ने धारणा राख्नुभयो ।

आयोजक वित्तीय जानकारी इकाईका प्रमुख दीर्घबहादुर रावलले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्दै एसिया प्यासिफिक समूहको सचिवालयले पारस्पारिक मूल्याङ्कनका लागि विस्तृत कार्यतालिका तयार गरी मूल्याङ्कन टोलीको नामावली पनि पठाइसकेको जानकारी दिनुभयो ।

कार्यक्रमको छलफल सत्रमा इकाईका उप-निर्देशक स्वरूप श्रेष्ठले 'पारस्परिक मूल्याङ्कनको तयारी: वित्तीय जानकारी इकाईको दृष्टिकोण' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । साथै, इकाईका उप-निर्देशक अस्मिता गोर्खालीले सोही प्रस्तुतिअन्तर्गत राष्ट्रिय रणनीति तथा कार्ययोजनाका सन्दर्भमा वित्तीय जानकारी इकाईको कार्यसम्पादन स्थितिबारे चर्चा गर्नुभयो ।

बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक अभियान उपाध्यायले 'पारस्परिक मूल्याङ्कनको तयारी : सुपरिवेक्षकीय दृष्टिकोण' विषयमा दोस्रो कार्यपत्र प्रस्तुत गर्नुभयो । यसै गरी, उप-निर्देशक डा. हरिकुमार नेपालले समग्र पारस्परिक मूल्याङ्कनको सन्दर्भमा नेपाल राष्ट्र बैंकको भूमिकाका विषयमा आफ्नो प्रस्तुति राख्नुभएको थियो भने इकाईका उप-निर्देशक अस्मिता गोर्खालीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# उत्तराधिकार योजना र सूचना प्रविधि सुरक्षासम्बन्धी अन्तरक्रिया



बैंकर्स प्रशिक्षण केन्द्रले जेठ २१ र २२ गते काठमाडौंमा उत्तराधिकार योजना र सूचना प्रविधि सुरक्षासम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । उद्घाटनको क्रममा गभर्नर महाप्रसाद अधिकारीले वित्तीय प्रणालीमा पछिल्लो समय साइबर सुरक्षाको चुनौती बढेको उल्लेख गर्दै त्यसलाई सम्बोधन गर्न सूचना प्रविधि प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो । बैंकको कामकारबाहीलाई व्यवस्थित तुल्याउन उत्तराधिकार योजनाको भूमिका महत्वपूर्ण हुने धारणा उहाँले राख्नुभयो । साथै, आगामी दिनमा बैंकमा उत्तराधिकार योजना व्यवस्थित हुने विश्वाससमेत उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा जनशक्ति व्यवस्थापन विभागका निर्देशक विज्ञानराज सुवेदीले 'नेपाल राष्ट्र बैंकमा उत्तराधिकार योजना' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले उत्तराधिकार योजनाको परिचय, यसको आवश्यकता, प्रक्रिया तथा बैंकको उत्तराधिकार योजनाको तयारीबारे जानकारी दिनुभयो । सूचना प्रविधि विभागका उप-निर्देशक अजीत रेग्मीले 'IT Security Risk Management in Nepal Rastra Bank' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । उहाँको कार्यपत्रमा नेपाल राष्ट्र बैंकको सूचना प्रविधि प्रणाली, बैंकमा निहित सूचना प्रविधि र साइबर सुरक्षा जोखिम, त्यसको न्यूनीकरणका निम्ति बैंकले अवलम्बन गरेका नीतिगत व्यवस्था, पूर्वाधारलगायतका विषयवस्तु समेटिएको थियो ।

यसै गरी, सूचना प्रविधि विज्ञ विवेक राणाले 'Improving Cybersecurity Resiliency in NRB and BFIs' विषयमा आफ्नो प्रस्तुति दिनुभयो । त्यस क्रममा उहाँले साइबर सुरक्षाको परिचय, विश्व वित्तीय प्रणालीमा साइबर सुरक्षाका विद्यमान जोखिम, साइबर जोखिमको न्यूनीकरण गर्न आवश्यक पर्ने रणनीतिलगायतका विषयबारे चर्चा गर्नुभयो । नेपाल प्रहरीका पूर्व डीआईजी डा. राजीव सुब्बाले 'Cyber Security and Central Bank' विषयक कार्यपत्र प्रस्तुत गर्दै साईबर आक्रमणसँग सम्बन्धित विश्वका प्रमुख घटना र आक्रमणका परिवर्तित स्वरूप, नेपालको वित्तीय संस्थामा भएका साइबर आक्रमण, नेपालमा साइबर सुरक्षाको अवस्थालगायतका विषयमा जानकारी दिनुभयो ।

यसै गरी, पत्रकार तथा ब्लगर उमेश श्रेष्ठले सामाजिक सञ्जालको प्रभावकारितासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले सामाजिक सञ्जाल प्रयोगको विश्वव्यापी अवस्था, यसको सान्दर्भिकता, सञ्जालको प्रयोग गर्दा अपनाउनुपर्ने सावधानीलगायतका विषयबारे चर्चा गर्नुभएको थियो ।

कार्यक्रममा डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले समापन मन्तव्य राख्दै अन्तरक्रियाका सबै सत्रहरू उपलब्धिमूलक रहेको धारणा राख्नुभयो । कार्यक्रममा डेपुटी गभर्नर बमबहादुर मिश्र, बैंकका कार्यकारी निर्देशक र निर्देशकहरूको सहभागिता थियो ।

कार्यक्रममा जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक तुलसीप्रसाद घिमिरेले स्वागत मन्तव्य राख्नुभएको थियो भने उप-निर्देशकद्वय कमलप्रकाश कालाथोकी र विष्णुप्रसाद सुवेदीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# कानुन महाशाखाद्वारा अन्तरक्रिया आयोजना




कानुन महाशाखाले जेठ ६ र ७ गते काभ्रेको नगरकोटमा बैंकको कार्यसम्पादनका क्रममा देखापरेका कानुनी समस्या र समाधानका उपायका सन्दर्भमा दुई दिने अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । सो कार्यक्रममा प्रमुख अतिथि गभर्नर महाप्रसाद अधिकारीले नेपाल राष्ट्र बैंक अर्धन्यायिक निकायसमेत रहेको उल्लेख गर्दै बैंकका निर्णयहरू कानुनी दृष्टिले ग्राह्य हुनुपर्ने धारणा राख्नुभयो । उहाँले भन्नुभयो, "राष्ट्र बैंक वित्तीय कानुन कार्यान्वयन गर्ने/गराउने प्रमुख निकाय हो । हाम्रा निर्णयमा कानुनी र नीतिगत आधारहरू स्पष्ट हुनुपर्छ ।"

कार्यक्रममा डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले राष्ट्र बैंकबाट हुने नीतिगत निर्णयको वित्तीय क्षेत्रमा ठूलो भूमिका रहने उल्लेख गर्दै यस्ता निर्णयहरू कानुनी दृष्टिले स्वीकार्य हुनुपर्ने बताउनुभयो । यसले बैंकको कार्यसम्पादनलाई प्रभावकारी र विश्वसनीय बनाउने उहाँको धारणा थियो ।

सो अवसरमा कानुन महाशाखाका निर्देशक थानेश्वर आचार्यले बैंकको कार्यसम्पादनसँग सम्बन्धित कानुनी व्यवस्था र यसको कार्यान्वयनका क्रममा देखिएका समस्या तथा समाधानका उपायबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । यसै गरी, महाशाखाका उप-निर्देशक रामशरण पोखरेलले सूचनाको हकको अवधारणा, विकास र नेपाल राष्ट्र बैंकमा यसको कार्यान्वयन अवस्था तथा उप-निर्देशक सुमन आचार्यले राष्ट्र बैंकबाट खाता रोक्का एवम् फुकुवा गर्न सक्ने कानुनी व्यवस्था र यसको कार्यान्वयनमा देखापरेका समस्याबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा डेपुटी गभर्नर बमबहादुर मिश्रसँगै विभिन्न विभागका कार्यकारी निर्देशक र निर्देशकहरूको सहभागिता थियो । महाशाखाका सहायक निर्देशक रामेश्वर भण्डारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# जोखिम व्यवस्थापनसम्बन्धी अन्तरक्रिया



संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले जेठ ३ गते सिद्धार्थनगरमा जोखिम व्यवस्थापनसम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

विभागका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीको प्रमुख आतिथ्यतामा उक्त कार्यक्रम आयोजना गरिएको हो । सो अवसरमा विभिन्न विभाग/कार्यालयका ३० जना जोखिम व्यवस्थापन अधिकृतहरूको सहभागिता थियो ।

कार्यक्रममा कार्यकारी निर्देशक पंगेनीले 'नेपाल राष्ट्र बैंकको जोखिम व्यवस्थापन: वर्तमान अवस्था र चुनौती' र निर्देशक तथा प्रमुख जोखिम व्यवस्थापन अधिकृत शरणकुमार अधिकारीले 'जोखिम रजिष्टर तथा जोखिम म्याट्रिक्स' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । उक्त कार्यपत्रमाथि सहभागीहरूबीच सामूहिक छलफलसमेत भएको थियो । विराटनगर कार्यालयका सहायक निर्देशक अनिल शिवाकोटीले सहभागीका तर्फबाट धारणा राख्नुभएको थियो ।

सो अवसरमा सहभागीका जिज्ञासाको जवाफ दिँदै कार्यकारी निर्देशक पंगेनीले हरेक विभाग/कार्यालयले सम्भावित जोखिमको पहिचान गरी स्पष्ट दृष्टिकोण र कार्ययोजनासहित जोखिम न्यूनीकरणमा केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो । निर्देशक अधिकारीले स्वागत मन्तव्यका साथ कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने उप-निर्देशक ईश्वरकुमार कटुवालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# वार्षिक कार्ययोजना तथा बजेटसम्बन्धी व्यवस्थापन गोष्ठी सम्पन्न




संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागले आर्थिक वर्ष २०७९/८० को वार्षिक कार्ययोजना तथा बजेट तर्जुमा गर्ने सिलसिलामा २०७९ जेठ २७ र २८ गते काठमाडौंमा व्यवस्थापन गोष्ठी आयोजना गऱ्यो ।

का.मु. गभर्नर डा.नीलम ढुङ्गाना तिम्सिना, डेपुटी गभर्नर बमबहादुर मिश्र र सञ्चालक चिन्तामणि शिवाकोटीको उपस्थितिमा आयोजित सो गोष्ठीमा सबै विभाग/कार्यालयका कार्यकारी निर्देशक र निर्देशक, कर्मचारी युनियनका प्रतिनिधिलगायतको सहभागिता थियो । सो अवसरमा का.मु. गभर्नर तिम्सिनाले अत्यावश्यक र कार्यान्वयन गर्न सकिने कार्यक्रमलाई मात्र आगामी कार्ययोजना समावेश गर्न निर्देशन दिनुभयो । भौतिक संरचनाको शीघ्र व्यवस्थापन, सूचना र प्रविधिको विकास र उपयोग, जनशक्ति विकास र व्यवस्थापनलगायतका पक्षलाई सुदृढ तुल्याइ बैंकको कार्यसम्पादनस्तरमा सुधार गर्नुपर्ने आवश्यकतामा उहाँले जोड दिनुभयो ।

गोष्ठीमा डेपुटी गभर्नर बमबहादुर मिश्र र का.मु. गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले क्रमशः पहिलो र दोस्रो दिनको व्यावसायिक सत्रको अध्यक्षता गर्नुभएको थियो । व्यवसायिक सत्रमा सबै विभागका कार्यकारी निर्देशक र विभिन्न महाशाखा/इकाई/प्रदेशस्थित कार्यालयका प्रमुखहरुले आर्थिक वर्ष २०७९/८० को लागि प्रस्तावित वार्षिक कार्ययोजना प्रस्तुत गर्नुभएको थियो ।

सो अवसरमा संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीले बैंकको आर्थिक वर्ष २०७८/७९ को वार्षिक कार्ययोजना तथा बजेटको कार्यान्वयन अवस्था र आर्थिक वर्ष २०७९/८० को लागि विभाग/कार्यालयद्वारा प्रस्तावित वार्षिक कार्ययोजना तथा बजेटसम्बन्धी संक्षिप्त विवरण प्रस्तुत गर्नुभयो ।

यसै गरी, उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंकमा क्रियाशील कर्मचारी संघ/सङ्गठनका प्रतिनिधिले आर्थिक वर्ष २०७९/८० को लागि प्रस्तावित वार्षिक कार्ययोजना तथा बजेटलाई प्रभावकारी बनाउने सम्बन्धमा सुझाव प्रस्तुत गर्नुका साथै विविध समसामयिक विषयमा आफ्नो धारणा राख्नुभएको थियो ।

गोष्ठी समापनका अवसरमा का.मु.गभर्नर तिम्सिना, डेपुटी गभर्नर मिश्र तथा सञ्चालक शिवाकोटीले विविध विषयमा मार्गदर्शनसहितको मन्तव्य राख्नुभएको थियो । सो अवसरमा सबै विभागको तर्फबाट बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक देवकुमार ढकाल र प्रदेशस्थित कार्यालयको तर्फबाट पोखरा कार्यालयका निर्देशक डा. रामशरण खरेलले मन्तव्य राख्नुभएको थियो ।

गोष्ठीमा संस्थागत योजना तथा जोखिम व्यवस्थापन विभागका निर्देशक हिमप्रसाद न्यौपानेले स्वागत मन्तव्य राख्नुभयो भने निर्देशक शरणकुमार अधिकारीले कार्यक्रमको सञ्चालन गर्नुभएको थियो ।

# शिष्टाचार व्यवस्थापनसम्बन्धी अनुशिक्षण

गभर्नरको कार्यालयले जेठ ७ र ८ गते काभ्रेको धुलिखेलमा शिष्टाचार व्यवस्थापनसम्बन्धी अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

बैंकर्स प्रशिक्षण केन्द्रको समन्वयमा कार्यालयले उक्त अनुशिक्षण कार्यक्रम आयोजना गरेको हो । सो अवसरमा नेपाल सरकार कन्सुलर सेवा विभागका महानिर्देशक धनबहादर ओली र परराष्ट्र मन्त्रालयका पूर्व सहसचिव अर्जुनकान्त मैनालीले शिष्टाचार व्यवस्थापनका विविध पक्षबारे प्रस्तुति दिनुभएको थियो । महानिर्देशक ओलीले कुटनीतिक शिष्टाचारको परिचय, यसका प्रमुख तत्वहरू, अन्तर्राष्ट्रिय बैठक/सेमिनारको तयारी, व्यवस्थापनलगायतका विषयबारे चर्चा गर्नुभयो । यसै गरी, पूर्व सहसचिव मैनालीले ड्रेस कोड, पार्टी व्यवस्थापन, टेबल म्यानर जस्ता शिष्टाचार विधिका विषयमा जानकारी दिनुभयो ।



कार्यक्रममा गभर्नरको कार्यालय, आर्थिक अनुसन्धान विभाग, सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, जनशक्ति व्यवस्थापन विभाग, विदेशी विनिमय व्यवस्थापन विभाग र बैंकिङ विभागका कर्मचारीको सहभागिता थियो । गभर्नरको कार्यालयका निर्देशक मुक्तिनाथ सापकोटाले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने उप-निर्देशक डा. भागवत आचार्यले कार्यक्रम सञ्चालन गर्नुभयो । निर्देशक नारायणप्रसाद पोखेलले समापन मन्तव्य राख्नुभएको थियो ।

# पोखरामा जीवनरक्षा कोष कर्जासम्बन्धी तालिम

व्यवसाय जीवन रक्षा कोषअन्तर्गत प्रवाहित कर्जाको अनुगमन, निरीक्षण र सुपरिवेक्षणसम्बन्धी तालिम कार्यक्रम पोखरामा सम्पन्न भएको छ ।

पोखरा कार्यालयको समन्वयमा बैंकर्स प्रशिक्षण केन्द्रले जेठ १४ र १५ गते उक्त तालिम आयोजना गरेको हो । सो अवसरमा पोखरा कार्यालयका निर्देशक डा. रामशरण खरेलले उक्त कर्जा कार्यक्रमको संक्षिप्त परिचय दिँदै कोभिडबाट प्रभावित उद्योग-व्यवसायलाई रु.१५ लाखसम्मको ऋणमा ब्याज अनुदान दिने उद्देश्यले गण्डकी प्रदेश सरकारले 'व्यवसाय जीवन रक्षा कोष (सञ्चालन) कार्यविधि, २०७७' सञ्चालनमा ल्याएको जानकारी दिनुभयो ।

पोखरा कार्यालयका कर्मचारीको सुपरिवेक्षकीय क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालित तालिममा कार्यविधिको मुख्य व्यवस्था, कार्यान्वयन स्थिति, समस्या तथा चुनौती र स्थलगत/गैरस्थलगत अनुगमन एवम् निरीक्षणसम्बन्धी प्रशिक्षण दिइएको थियो ।



जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक तुलसीप्रसाद घिमिरेले तालिमको उद्घाटन गर्नुभएको थियो भने बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक देवकुमार ढकालले कर्जाका विभिन्न आयामबारे चर्चा गर्नुभएको थियो । गण्डकी प्रदेशका तोकिएका वाणिज्य बैंक र विकास बैंकका शाखामार्फत प्रवाहित जीवनरक्षा कोष कर्जा कार्यक्रमको समन्वय र सञ्चालन पोखरा कार्यालयमार्फत हुँदै आएको छ ।

# नेपालगञ्जमा लेखासम्बन्धी अनुशिक्षण

वित्त व्यवस्थापन विभागले जेठ १२ र १३ गते नेपालगञ्जमा 'नेपाल वित्तीय प्रतिवेदनमान (एनएफआरएस) र लेखा निर्देशिका' विषयक अनुशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा नेपालगञ्ज कार्यालयका निर्देशक निभा श्रेष्ठ, वित्त व्यवस्थापन विभागका उप-निर्देशकद्वय केशवप्रसाद तिमिल्सिना र जगदीशकुमारले बैंकका दैनिक कारोबारको लेखाङ्कन प्रक्रियामा लेखा मापदण्डको पालना, लेखा निर्देशिकाको कार्यान्वयन र नियमित कारोबारमा लेखाङ्कन विधिका सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

सो अवसरमा विभागका कार्यकारी निर्देशक मुकुन्दकुमार क्षेत्रीले बैंकको लेखाङ्कन प्रक्रियामा अन्तर्राष्ट्रिय लेखा मापदण्ड र नेपाल लेखा मापदण्डलाई कार्यान्वयन गर्दै लगिएको जानकारी दिनुभयो । यथार्थ विवरणको लेखाङ्कनबाट मात्रै विश्वसनीय वित्तीय विवरण तयार हुने उल्लेख गर्दै उहाँले त्यसप्रति सजग रहन सहभागीहरूलाई निर्देशन दिनुभयो । कार्यक्रममा नेपालगञ्ज, धनगढी र सुर्खेत कार्यालयका तर्फबाट 'बाह्य लेखापरीक्षकले औंल्याएका कैफियत र समाधानका उपाय' विषयमा वार्ता प्रस्तुत गरिएको थियो । अनुशिक्षणमा वित्त व्यवस्थापन विभाग, सम्पत्ति तथा सेवा व्यवस्थापन विभाग, मुद्रा व्यवस्थापन विभाग, बैंकिङ विभागसँगै नेपालगञ्ज, धनगढी र सुर्खेत कार्यालयका २१ जना कर्मचारीको सहभागिता थियो ।




विभागका उप-निर्देशक छविलाल घिमिरेले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# धितोपत्र व्यवसायीसँग गो-एएमएलसम्बन्धी अन्तरक्रिया

गो-एएमएल प्रणालीमा धितोपत्र व्यवसायीलाई आबद्ध गर्ने उद्देश्यका साथ वित्तीय जानकारी इकाईले जेठ १३ गते काठमाडौंमा अन्तरक्रिया तथा प्रशिक्षण कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सीडीएस एण्ड क्लियरिङ लिमिटेड, नेपाल मर्चेन्ट बैंकर्स एसोसिएसन, नेपाल स्टक ब्रोकर्स एसोसिएसन, पोर्टफोलियो म्यानेजमेन्ट कम्पनी, स्टक ब्रोकर्स कम्पनीका प्रतिनिधिको सहभागिता थियो । सो अवसरमा वित्तीय जानकारी इकाईका प्रमुख दीर्घबहादुर रावलले नेपालमा तेस्रो चरणको पारस्परिक मूल्याङ्कन हुन लागेको उल्लेख गर्दै धितोपत्र बजारलाई सम्पत्ति शुद्धीकरण र शङ्कास्पद कारोबारको प्रभावबाट सुरक्षित राख्नुपर्ने आवश्यकता औंल्याउनुभयो । त्यसको निम्ति धितोपत्र बजारमा हुन सक्ने शङ्कास्पद कारोबार र सीमा कारोबारको रिपोर्टिङ संयन्त्रलाई प्रभावकारी बनाउनुपर्ने उहाँको भनाइ थियो ।




नेपाल धितोपत्र बोर्डका का.मु. कार्यकारी निर्देशक मुक्तिनाथ श्रेष्ठले सम्पत्ति शुद्धीकरण निवारण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानीको नियन्त्रणको विषयलाई धितोपत्र व्यवसायीले गम्भीर रूपमा लिनुपर्ने आवश्यकता औंल्याउँदै त्यसको लागि सहयोग गर्न बोर्ड तयार रहेको धारणा राख्नुभयो ।

सो अवसरमा वित्तीय जानकारी इकाईका उप-निर्देशक स्वरूप श्रेष्ठले धितोपत्र क्षेत्रका विभिन्न संस्थाको भूमिकाबारे प्रष्ट्याउँदै सहभागीलाई कार्यक्रमको उद्देश्यबारे जानकारी दिनुभयो । कार्यक्रमको प्राविधिक सत्रमा इकाईका सहायक (सु.प्र.) दीपक पराजुलीले गो-एएमएल सफ्टवेयर सञ्चालनसम्बन्धी प्रस्तुति दिनुभयो । इकाईका सहायक निर्देशक अमिष शर्माले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# नेपालगञ्जमा समसामयिक विषयमा अन्तरक्रिया



नेपालगञ्ज कार्यालयले जेठ १९ गते समसामयिक बैंकिङ तथा आर्थिक विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यालयका निर्देशक निभा श्रेष्ठको संयोजकत्वमा आयोजित कार्यक्रममा बैंक तथा वित्तीय संस्था र नेपालगञ्ज उद्योग वाणिज्य संघका प्रतिनिधिको सहभागिता थियो । कार्यक्रमका सहभागीबाट तरलता व्यवस्थापन, सहुलियतपूर्ण कर्जा कार्यान्वयनका चुनौती, कर्जा-निक्षेप अनुपात, विदेशी मुद्रालगायतका विषयमा धारणा राखिएको थियो । साथै, सहभागीबाट आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीतिका निम्ति विभिन्न सुझावसमेत प्राप्त भएको थियो । सो अवसरमा निर्देशक श्रेष्ठले सहभागीका जिज्ञासाको जवाफ दिनुभएको थियो ।

कार्यालयका उप-निर्देशक श्यामप्रसाद ढकालले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने सहायक निर्देशक राहुल कनोजियाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# केन्द्रद्वारा विभिन्न तालिम कार्यक्रम सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले जेठ महिनामा विभिन्न दुई वटा तालिम कार्यक्रम सम्पन्न गरेको छ । यस क्रममा केन्द्रले जेठ ८ देखि ११ सम्म काठमाडौंमा 'बैंकिङ अपरेसन' विषयक अधिकृत/सहायकस्तरीय तालिम कार्यक्रम सञ्चालन गऱ्यो । १२ वटा सत्रमा सञ्चालित उक्त तालिममा विभिन्न विभाग/कार्यालयका २९ जना कर्मचारीको सहभागिता थियो । बैंकिङ अपरेसनको परिचय, सरकारी लेखा/कारोबार, नगद व्यवस्थापन, ट्रान्सफर तथा लेखा व्यवस्थापन, विदेशी विनिमय कारोबार, प्रतीतपत्र, भुक्तानीका प्रकारलगायतका विषयमा सहभागीलाई प्रशिक्षण दिइएको थियो ।

यसै गरी, केन्द्रले जेठ २९ देखि असार १ सम्म नेपालगञ्जमा 'जीएल सिस्टम' विषयक सहायकस्तरीय तालिम कार्यक्रम सञ्चालन गऱ्यो । नौ वटा सत्रमा सञ्चालित उक्त तालिममा विभिन्न विभाग/कार्यालयका ३१ जना कर्मचारीको सहभागिता थियो । उक्त तालिममा ओलम्पिक बैंकिङ सिस्टमको परिचय, सार्वजनिक ऋण व्यवस्थापन, मुद्रा व्यवस्थापन, वित्तीय व्यवस्थापन, बैंकिङ अपरेसन मोडचुललगायतका विषयवस्तु समेटिएको थियो ।

# पर्यटन आय: व्यापार घाटा न्यूनीकरणको महत्वपूर्ण स्रोत



आदित्य पोखेल
सहायक निर्देशक

नेपालमा विदेशी मुद्रा आर्जन गर्ने प्रमुख स्रोतमध्ये पर्यटन क्षेत्र पनि एक हो । नेपाल प्राकृतिक, धार्मिक, ऐतिहासिक एवम् सांस्कृतिक विविधताले भरिपूर्ण भएको हुँदा विश्वमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको स्थानमा सूचीकृत रहेको छ । विगत केही वर्षयता कोभिड-१९ को महामारीले आक्रान्त बनाएको पर्यटन क्षेत्र त्यस बखत ऋणात्मक वृद्धितर्फ समेत उन्मुख भएको थियो । महामारीका कारण अघिल्लो वर्षको तुलनामा सन् २०२० मा पर्यटक आगमन करिब ८१ प्रतिशतले घटेर दुई लाख ३० हजार ८५ हजारमा सीमित रह्यो भने सन् २०२१ मा यो संख्या ३४.३ प्रतिशतले घटेर एक लाख ५० हजार ९ सय रहेको थियो । अब भने महामारीको प्रकोप केही न्यून देखिएसँगै नेपालको पर्यटन क्षेत्र केही चलायमान देखिन थालेको छ ।

आर्थिक वर्ष २०७७/७८ को दश महिनाको तथ्याङ्कलाई चालु आर्थिक वर्ष २०७८/७९ को सोही अवधिसँग तुलना गर्दा मुलुकमा पर्यटकको आगमन ३,५५० प्रतिशतले वृद्धि भएको देखिन्छ। महामारी सुरु भएपश्चात् केन्द्रीय बैंकद्वारा मौद्रिक नीति जारी हुनुपूर्व विभिन्न नीतिगत व्यवस्थाहरू जस्तै; ब्याज छुट, अनिवार्य नगद मौज्दातमा कमी, कर्जा निक्षेप अनुपातमा लचकता, कर्जाको किस्ता भुक्तानीमा समय थपसहित हर्जाना, जरिवाना छुटजस्ता सहुलियतपूर्ण व्यवस्था राखिएको थियो । यसैबीच सरकार र केन्द्रीय बैंकले महामारीबाट आक्रान्त भएको पर्यटन उद्योगलाई राहत पुऱ्याउने उद्देश्यले सहुलियत दरमा कर्जा एवम् व्यवसाय निरन्तरता कर्जाको सुविधा प्रदान गरे । आर्थिक वर्ष २०७८/७९ को वैशाख महिनासम्म कुल रु.१.१२ अर्बको व्यवसाय निरन्तरता कर्जा स्वीकृत भइसकेको छ । यसमा पर्यटन क्षेत्रको समेत राम्रो हिस्सा छ ।

पर्यटन क्षेत्रबाट हुने आय वृद्धि गर्न र विदेशी मुद्रा सञ्चिति बढाउन पर्यटन क्षेत्रलाई आज विशेष ध्यान दिइनु आवश्यक छ । पर्यटन आय र आर्थिक विकासको अन्योन्याश्रित सम्बन्ध रहने भएकाले मुलुकको बढ्दो बेरोजगारीलाई न्यूनीकरण गर्न पर्यटन उद्योगको महत्वपूर्ण भूमिका रहन्छ । पर्यटन उद्योगको विकासका कारण विभिन्न होटेल, ट्रेकिङ बिजनेस, पथप्रदर्शक एवम् कलात्मक वस्तुको उत्पादन, एयरलाइन्स, ट्राभल एजेन्सीलगायतका अन्य व्यवसाय तथा उद्योगहरू फस्टाउने हुँदा एकातर्फ यसले देशको प्राकृतिक र सांस्कृतिक जगेर्ना गर्छ भने मुलुकको आयआर्जनसमेत वृद्धि गर्न मद्दत गर्दछ। यसै सन्दर्भमा, हालको व्यापार घाटाको अवस्थामा पर्यटन क्षेत्रबाट आर्जित विदशी मुद्राले प्रत्यक्ष रूपले घाटा न्यूनीकरणमा टेवा पुऱ्याउन सक्ने देखिन्छ ।

नेपालमा पर्यटन क्षेत्रको विकासमार्फत यस क्षेत्रलाई प्रमुख आयको स्रोतको रूपमा स्थापित गरी व्यापार घाटा प्रत्यक्ष रूपमा कम गर्न मुलुकले समयसमयामा विभिन्न नीति निर्माण गरेको पाइन्छ । वि.सं. २०१४ मा उद्योग विभागको मातहतमा पर्यटन विकास समितिको स्थापना सँगसँगै पर्यटन क्षेत्रले पहिलो योजना (२०१३-२०१८) द्वारा आफ्नो नीति तथा कार्यक्रम सार्वजनिक गऱ्यो । ततपश्चात् नेपाल औद्योगिक विकास निगमबाट होटेल तथा ट्राभल एजेन्सीमा लगानी पनि बढ्दै जान थाल्यो । वि.सं. २०२१ मा पर्यटन ऐन लागू भएपश्चात् मुलुकमा आधुनिक होटेल, पर्यटक विश्राम स्थलहरूको निर्माण आदि कार्य तीव्र रूपले हुन थाल्यो । विशेषत: पन्ध्रौं योजनामा पर्यटकको सुरक्षालाई समेत विशेष जोड दिइएको छ । सेवाको गुणस्तरलाई मध्यनजर गर्दै पर्यटकीय लाभलाई समन्वयात्मक रूपले जनस्तरसम्म पुऱ्याउने र शिक्षा, स्वास्थ्य, खेलकुदजस्ता क्षेत्रलाई समेटेर एकीकृत पर्यटन विकास गरी प्रत्यक्ष रूपमा व्यापार घाटा न्यूनीकरण गर्ने अठोटसमेत पन्ध्रौं योजनाले लिएको छ ।

आ.व. २०७७/७८ मा महामारीका कारण कुल पर्यटक आगमन संख्या २ लाख ३० हजार ८५ मा सीमित रही गत वर्षको तुलनामा करिब ८१ प्रतिशतले घटेको छ । आ.व. २०७६/७७ मा विभिन्न उद्देश्यले भ्रमणमा आएका विदेशी पर्यटकबाट कुल रु.२४ अर्ब ९५ करोड ५९ लाख बराबरको विदेशी मुद्रा आर्जन भएको छ । जुन गत आ.व.को तुलनामा ७० प्रतिशतले बढी हो। सन् २०२१ मा विदेशी पर्यटकबाट प्राप्त भएको विदेशी मुद्रा आर्जन करिब ४६ प्रतिशतले घटेर रु.१३ खर्ब ५० करोड ११ लाख रहेको छ भने सन् २०२१ मा प्रतिपर्यटकको औसत बसाइ १६ दिन र प्रतिदिन पर्यटक खर्च ४८ अमेरिकी डलर रहेको छ । कोभिड-१९ को महामारीपश्चात् यस्तो खर्च २६.१ प्रतिशतले न्यून भएको हो । साथै, सबैभन्दा बढी पर्यटक आगमन भारतबाट (४२.८३ प्रतिशत) भएको छ भने म्यानमार, थाइल्याण्ड, चीन र अमेरिकाजस्ता मुलुकबाट पर्यटक आगमन भइरहेको देखिन्छ । स्थलमार्ग प्रयोग गर्ने धेरै भारतीय पर्यटक नै छन् । साथै, अधिकांश पर्यटकले गौतम बुद्धको जन्मस्थल लुम्बिनी भ्रमण गर्ने गरेका छन् । यसका अतिरिक्त, पर्वतारोहण गर्न आउने पर्यटकलाई मध्यनजर गर्दै नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानले विभिन्न तालिमहरू प्रदान गर्दै आएको छ । आ.व. २०७७/७८ मा कुल दुई हजार ६ सय ५९ जनालाई पर्यटनसम्बन्धी तालिम

प्रदान गरिएको छ । सांस्कृतिक र पुरातात्विक महत्वका राष्ट्रिय सम्पदाको संरक्षण तथा प्रवर्द्धन गर्ने क्रममा मन्दिर, पाटी पौवा, पुनर्निर्माण तथा ध्यान केन्द्र आदि निर्माणाधीन अवस्थामा छन् ।

छिमेकी मुलुक पाकिस्तानमा राशिद, मियो, अवान, र एहमद् (२०१९) द्वारा गरिएको 'शोधनान्तर घाटा एवम् पर्यटन आयबीचको सम्बन्ध' विषयक शोध नतिजालाई साभार गर्ने हो भने पर्यटन आयबाट शोधनान्तर घाटा कम गर्न सक्ने देखिन्छ । नेपाल र पाकिस्तानको अर्थतन्त्रको आकारमा अन्तर देखिए पनि व्यापार घाटा दुवै मुलुकमा उच्च नै देख्न सकिन्छ । साधारणतया मुलुकमा चालु आर्थिक वर्ष २०७८/७९ को दश महिनासम्ममा शोधनान्तर घाटा रु.२८८ अर्ब ५० करोडले र चालु खाता रु.५४७ अर्ब ३६ करोडले घाटामा रहेको छ । मुलुक तरलता अभाव र विदेशी मुद्रा सञ्चितिको अपर्याप्तताबाट गुज्रिरहेको बेला पर्यटन आयलाई वृद्धि गरी व्यापार घाटा न्यूनीकरण गर्नु प्रभावकारी उपाय हुने देखिन्छ ।

चालु आर्थिक वर्षको दश महिनाको तथ्याङ्कलाई केलाउँदा मुलुकमा पर्यटक आगमन गत आर्थिक वर्षको भन्दा ३६ गुणाले वृद्धि भएको देखिन्छ । पर्यटकको आगमनलाई आशावादी भएर मनन गर्दा मुलुकमा चालु आर्थिक वर्षमा पर्यटन आयसमेत वृद्धि हुने देखिन्छ । जसको फलस्वरूप विदेशी मुद्रा सञ्चितिमा बढोत्तरी हुन गई शोधनान्तर घाटालाई न्यून गर्न निकै महत्वपूर्ण साध्य हुन जान्छ ।

### अबको दिशा

पर्यटन क्षेत्रलाई आर्थिक रूपले सबल राख्न र पर्यटकीय गतिविधिलाई चलायमान राख्न पर्यटन क्षेत्रमा विद्यमान विभिन्न समस्याहरू जस्तै; यातायात, सुविधायुक्त होटेल, पथप्रदर्शक आदि क्षेत्रमा रहेका न्यूनतालाई यथाशीघ्र समाधान गरिनु आवश्यक छ । प्रायः पर्यटकहरू काठमाडौं, पोखरा, लुम्बिनी, चितवनजस्ता ठाउँहरू मात्र घुमेर फर्किने गरेका छन् । समकालमा पर्यटन क्षेत्रको संख्यात्मक तथा गुणात्मक वृद्धि गरिनु आवश्यक छ । हालसालै भैरहवास्थित गौतम बुद्ध अन्तराष्ट्रिय विमानस्थलबाट नियमित उडान सुरु भएको छ । निश्चय नै पर्यटक आगमनको निम्ति हवाई सेवाको उल्लेख्य भूमिका हुन्छ । तथापि मुलुकमा पर्यटकको आगमन वृद्धि गर्न ठोस नीति तर्जुमा गर्न आवश्यक छ । लुम्बिनी घुम्न आउने अधिकांश धार्मिक पर्यटक हुन्छन् । यस वरपरका अन्य पर्यटकीय र रमणीय ठाउँलाई प्रवर्द्धन गरी प्रमुख पर्यटकीय गन्तव्यस्थलको रूपमा परिणत गर्न सकिन्छ । अन्य क्षेत्रमा सुविधायुक्त होटलको अभाव, सूचना केन्द्रको कमी, प्रमुख पर्यटकीय स्थल नजिकको दुरीमा विमानस्थलको अभाव, ग्रामीण पर्यटनको न्यून विकासजस्ता समस्याहरू विद्यमान छन् । पछिल्लो समयमा विदेशी पर्यटकहरू ग्रामीण क्षेत्रको भ्रमणप्रति आकर्षित देखिन थालेका छन् । ग्रामीण पर्यटन प्रवर्द्धनको निम्ति सम्भाव्य पर्यटकीय क्षेत्रमा होमस्टे र अन्य पूर्वाधार विकास हुन आवश्यक छ ।

**मुलुक तरलता अभाव र विदेशी मुद्रा सञ्चितिको अपर्याप्तताबाट गुज्रिरहेको बेला पर्यटन आयलाई वृद्धि गरी व्यापार घाटा न्यूनीकरण गर्नु प्रभावकारी उपाय हुने देखिन्छ ।**

सीमित स्रोत/साधन, न्यून अनुभव र लगानीकर्ताको कमी हुने भएकोले स्थानीय समुदायले नै कम खर्चबाट अधिक मुनाफा हुने किसिमका व्यवसायको थालनी गर्नुपर्छ । स्थानीय बासिन्दा स्वयम् स्थानीय पर्यटनको प्रवर्द्धक समेत हुन् । ग्रामीण पर्यटन प्रवर्द्धनको निम्ति स्थानीय पालिकाले अग्रणी भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ ।

हालसालै आर्थिक वर्ष २०७९/८० को निम्ति सरकारले सार्वजनिक गरेको वार्षिक नीति तथा कार्यक्रममा पर्यटनसम्बन्धी केही आशालाग्दा कार्यक्रम समेटिएका छन् । जसमध्ये, कपिलवस्तु क्षेत्रलाई युनेस्को वर्ल्ड हेरिटेज साइटमा सूचीकृत गर्ने प्रस्ताव प्रशसंनीय छ । यसको अतिरिक्त आर्थिक वर्ष २०७९/८० को बजेटमा पर्यटन क्षेत्रबाट मुलुकको आय बढाई व्यापार घाटा न्यूनीकरण गर्न विभिन्न नीति तर्जुमा गरिएका छन् । कोभिड-१९ महामारीबाट प्रभावित होटेललगायत पर्यटन क्षेत्र सम्बद्ध व्यवसायको आर्थिक वर्ष २०७९/८० को वार्षिक इजाजत र नवीकरण दस्तुरमा छुट दिने व्यवस्था गरिएको छ भने सो क्षेत्रको पुनरुत्थानको लागि प्रवाह हुने सहुलियतपूर्ण कर्जालाई निरन्तरता दिइएको छ । साथै पर्यटन आम्दानी वृद्धि गर्नका निमित्त पर्यटन पूर्वाधार विकास कार्यक्रमका लागि रु.९० करोड बिनियोजन गरिएको छ भने समग्र पर्यटन क्षेत्रका लागि रु.९ अर्ब ३८ करोड बजेट विनियोजन गरिएको छ । यसैअनुरूप आगामी आर्थिक वर्षमा मुलुकले अधिक पर्यटक भित्र्याई आम्दानीमा समेत वृद्धि गरी यसबाट विद्यमान व्यापार घाटा न्यूनीकरण गर्न मद्दत पुग्ने देखिन्छ ।

### सन्दर्भ सामग्री

१. देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति (आ.व. २०७८/७९ को दश महिनाको तथ्याङ्कमा आधारित), नेपाल राष्ट्र बैंक ।

२. पन्ध्रौं योजना, २०७६/७७ - २०८०/८१, राष्ट्रिय योजना आयोग ।

३. नेपालमा पर्यटन उद्योगको सम्भावना, महत्व, विकास, प्रयास समस्या र समाधान, वालकृष्ण सुवेदी ।

## वित्त व्यवस्थापन विभागद्वारा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना

वित्त व्यवस्थापन विभागले जेठ ४ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । सो कार्यक्रममा विभागका निर्देशक सुदीप फुयालले 'नेपाल राष्ट्र बैंक, निवृत्तिभरण भुक्तानीसम्बन्धी कार्यविधि, २०७९' विषयमा वार्ता प्रस्तुत गर्नुभयो । त्यस क्रममा उहाँले बैंकले अवलम्बन गरेको नीतिगत व्यवस्थाअनुसार सेवानिवृत्त कर्मचारीलाई विद्युतीय माध्यमबाट निवृत्तिभरण रकम भुक्तानी गर्न लागिएको जानकारी दिनुभयो ।



सो अवसरमा विभागका कार्यकारी निर्देशक मुकुन्दकुमार क्षेत्रीले छिमेकी मुलुकहरूमा भएका यससम्बन्धी नीतिगत व्यवस्थाबारे चर्चा गर्दै आगामी दिनमा निवृत्तिभरण भुक्तानी कार्यलाई प्रविधिमैत्री र स्वचालित बनाउनेतर्फ केन्द्रित हुनुपर्ने आवश्यकतामा जोड दिनुभयो । कार्यक्रममा वित्त व्यवस्थापन विभागका कर्मचारीहरूको सहभागिता थियो ।

## गभर्नरको कार्यालयद्वारा ज्ञान आदानप्रदान कार्यक्रम

गभर्नरको कार्यालयले जेठ २५ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । भर्चुअल माध्यममा सञ्चालित उक्त कार्यक्रममा कार्यालयका उप-निर्देशक डा. भागवत आचार्यले 'तनाव व्यवस्थापनका व्यावहारिक पक्षहरू' विषयक कार्यपत्र प्रस्तुत गर्नुभयो ।

त्यस क्रममा उहाँले तनावको परिचय, यसका कारण, तनाव न्यूनीकरणका व्यावहारिक उपाय तनाव व्यवस्थापन सम्बन्धमा सनातन तथा बौद्ध अभ्यास, यसका केही आध्यात्मिक पक्षबारे चर्चा गर्नुभयो । कार्यक्रममा विभिन्न विभाग/कार्यालयका करिब १६० कर्मचारीको सहभागिता थियो ।




गभर्नरको कार्यालयका निर्देशक मुक्तिनाथ सापकोटाले स्वागत मन्तव्य कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभएको थियो ।

## नेपालगञ्जमा तनाव व्यवस्थापन कार्यक्रम

नेपालगञ्ज कार्यालयले जेठ १५ गते कर्मचारीहरूका निम्ति तनाव व्यवस्थापन कार्यक्रम आयोजना गऱ्यो । निर्देशक निभा श्रेष्ठको अध्यक्षतामा आयोजित कार्यक्रममा नेपालगञ्ज कार्यालयका सम्पूर्ण कर्मचारीको सहभागिता थियो ।

सो अवसरमा ओशो ध्यान केन्द्र, राझ्काका सञ्चालक भरत सिलवालले सहभागीलाई सक्रिय ध्यान विधिबारे प्रशिक्षण दिँदै तनाव व्यवस्थापनका विविध पक्षबारे प्रवचन दिनुभयो । सो अवसरमा योग प्रशिक्षक नवराज भण्डारीले योग तथा प्राणायामको अभ्याससम्बन्धी प्रशिक्षण दिनुभएको थियो ।

कार्यक्रममा निर्देशक श्रेष्ठले कर्मचारीको तनाव व्यवस्थापनमा यस्ता कार्यक्रमको भूमिका महत्वपूर्ण भूमिका रहने धारणा राख्नुभयो । नेपालगञ्ज कार्यालयका सहायक निर्देशक मामराज पथिकले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

## अवकाश

विराटनगर कार्यालयका सहायक निर्देशक नन्दकुमारी रिजालले २०७९ जेठ १० देखि बैंक सेवाबाट अवकाश पाउनुभएको छ । उहाँले ५८ वर्ष उमेरहदका कारण अवकाश पाउनुभएको जानकारी जनशक्ति व्यवस्थापन विभागले दिएको छ । *नेपाल राष्ट्र बैंक समाचार* उहाँको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ ।

*प्रकाशक*
**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**
सूचना तथा सञ्चार समन्वय महाशाखा
बालुवाटार, काठमाडौं, फोन : ४४१९८०४, Ext.: १३९/१४०
इमेल : samachar@nrb.org.np, वेबसाइट : www.nrb.org.np

*सम्पादक*
डा. भागवत आचार्य

*सम्पादन सहयोगी*
विद्या अधिकारी
लालकुमार सुवेदी
नवीना ताम्राकार